खण्ड : ४ संख्या : ७ मिति : २०७७/१०/१०

# कपिलवस्तु नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ७ मिति : २०७७/१०/१०

## भाग २

## कपिलवस्तु नगरपालिका

## स्वयं सेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७७

**कार्यपालिकाबाट पारित मिति :- २०७७/०९/२३**

**प्रमाणीकरण मिति :- २०७७/१०/०५**

**प्रस्तावना :** कपिलवस्तु नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्ये नजर गरी शिक्षकको मागलाई पुर्ती गर्न स्वयम सेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्वयं सेवक शिक्षक ब्यवस्थापन कार्यबिधि, २०७७ जारी गरिएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम स्वंयसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ रहेको छ र यो कार्यबिधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "प्राथमिक शिक्षा"भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले कपिलवस्तु नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको कपिलवस्तु नगरपालिकालाई सम्झनु पर्छ ।

(छ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ज) "छनौट समिति" भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयंसेवक शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(झ) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ञ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) "व्यवस्थापन समिति" भन्नाले संघिय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) "शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्छ ।

(ण) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद हेर्ने विभागलाई सम्झनु पर्छ ।

(त) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(थ) "प्राथमिक स्वयंसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(द) "निम्नमाध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(ध) "माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(न) "विषय विशेषज्ञ" भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ तथा नगरपालिकाबाट सूचीकृत भएका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई सम्झनुपर्छ ।

(प) "नगरसभा" भन्नाले संघिय कानून बमोजिम गठन भएको कपिलवस्तु नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**३. <u>स्वयंसेवक शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्ने :</u>**

(१) नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार नगरकार्यपालिकाले बालबिकास, प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वयंसेवक शिक्षकहरुको अनुदान कोटा सृजना गर्न सक्नेछ ।

(२) स्वयंसेवक शिक्षकको कोटा वितरण देहायबमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

(१) शून्य दरवन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने

(३) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभूत तह (६–८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

४. **<u>स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्था :</u> नियम ३ बमोजिम सिर्जना भएका कोटामा नियुक्त हुने स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :**

(१) **प्राथमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

घ) नेपाली नागरिकता प्राप्त गरेको,

(२) **निम्नमाध्यमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महीने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

च) नेपाली नागरिकता प्राप्त गरेको ।

(३) **माध्यमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

ङ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

च) नेपाली नागरिकता प्राप्त गरेको,

४. **बालविकास** : प्रचलित नियमानुसार हुनेछ ।

५. **उम्मेदवारको लागि अयोग्यता : देहायका व्यक्तिहरू स्वयंसेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन :**

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) अध्यापन अनुमति पत्र नलिएको,

(छ) तालिम नलिएको,

(ज) बालबिकास शिक्षकको लागि अध्यापन अनुमति पत्र आवश्यक पर्ने छैन ,

६. **पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया : परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।**

७. **स्वयंसेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ :** (१) कपिलवस्तु नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक संख्या कम भई पठनपाठनमा समस्या परेका विद्यालयहरुलाई नगरकार्यपालिकाको निर्णय अनुसार विद्यालयहरुलाई उपलब्ध गराइएको कोटामा नियुक्ति गरिनेछ ।

(२) उपनियम १ बमोजिम उपलब्ध गराइएको कोटामा पछि रिक्त हुन गएमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरु विच खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपुर्ति गरिनेछ ।

८. **स्वयंसेवक शिक्षकको छनौट सम्बन्धि ब्यवस्था : स्वयंसेवक शिक्षक छनौट सम्बन्धि ब्यवस्था देहाय बमोजिम हुनेछ :**

१. स्वयंसेवक शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई नगरपालिकाको Website, नगरपालिकाको सूचना पाटी, वडा कार्यालयहरु तथा सम्बन्धीत विद्यालयमा सूचना टाँस गरिनेछ ।

२. स्वयंसेवक शिक्षक नियुक्तिका लागि सूचीकृत विषयविज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी नगरपालिकाले सुरक्षित र गोपनियता साथ राख्नेछ ।

३. योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी नगरपालिकामा/विद्यालयमा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

४. शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्धति अनुरुप स्वयंसेवक शिक्षकहरुको छनौट हुनेछ ।

५. स्वयंसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा संचालन गरिनेछ ।

९. **स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने :** नगरपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१०. **परीक्षा हुने मिति, समय र केन्द्र :** नगरपालिकाले तोकेको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ ।

११. **परीक्षाको दस्तर :** नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१२. **सफल उम्मेदवारको सूची प्रकाशन गरिने :** (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

१३. **अन्तरवार्ता सम्बन्धि व्यवस्था :** (१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

१४. **अन्तर्वार्ताको अङ्क :** अन्तर्वार्ताको लागि छुट्याइएको तेह्र (१३) अङ्क देहाय बमोजिम दिइनेछः

(क) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन, द्वितीय श्रेणीको भए दुई र तृतीय श्रेणीको भए एक अङ्कको दरले बढीमा तीन अङ्क,

(ख) अन्तर्वार्ता वापत बढीमा दश अङ्क, तर अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

१५. **योग्यताक्रम प्रकाशित गर्ने :** (१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

१६. **नियुक्ति दिने :** सिफारिस गरिएको उम्मेदवारलाई नगरकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिनभित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिने छ ।

१७. **स्वयंसेवक शिक्षक छनौट समिति :** स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

क) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक

ख) शिक्षा विकास तथा समन्वय ईकाईको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ग) नगरपालिका शिक्षा अधिकृत - सदस्य

(घ) विषय विशेषज्ञ २ जना - सदस्य

आवश्यकताको आधारमा आमन्त्रीत सदस्य राख्न सकिने छ ।

१८. **छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने/गराउने

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको ब्यवस्था गर्ने

घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने

ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

झ) नियुक्तिका लागि सिफारिस गर्ने

ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

१९. **स्वयंसेवक शिक्षकको पदस्थापना :** उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा नगरकार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको पदस्थापना गरिनेछ ।

२०. **प्रोत्साहन भत्ता उपलब्ध गराईने :** (१) कपिलवस्तु नगर सभाले विनियोजन गरेको स्वयंसेवक शिक्षक अनुदान शिर्षकको अधिनमा रही नगरकार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको स्वयंसेवक शिक्षकहरुको लागि प्रोत्साहन भत्ता तत् तत् विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराइनेछ र विद्यालयले सो रकमबाट स्वयंसेवक शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन ।

(२) स्वयंसेवक शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च स्वयंसेवक शिक्षक व्यवस्थापन अन्तर्गत विनियोजित शिर्षकबाट शिक्षक सेवा आयोगको स्वीकृत नर्म्स बमोजिम खर्च गरिने छ ।

२१. धार्मिक तथा पूर्व प्राथमिक विद्यालयलाई कार्यपालिकाले तोके बमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ठ उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

## विविध

२२. **स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने :** संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरसभाले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

२३. **प्रचलित कानून लागू हुने :** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम हुनेछ ।

२४. **अन्तिम ब्याख्या :** यो कार्यविधि जारी हुनु अगाडी यस नगरपालिकाबाट स्वयंसेवक शिक्षकको रुपमा नियुक्ति भएका शिक्षक यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिने छ ।

२५. **खारेजी :** नगरकार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

..............................

आज्ञाले

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत